## सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको बैठक

मिती २०८१/ १२/ ११ गतेको बैठकका निर्णयहरु

| क्र.सं. | सम्वन्धित शाखा | एजेण्डा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|---|
| १ | पूर्वाधार/ योजना | जनता आवास कार्यक्रमको दोस्रो किस्ता भुक्तानी सम्बन्धमा | जनता आवास पालिका समन्वय समितीको २०८१ चैत्र ६ गतेको निर्णय बमोजिम पेश भएका लाभग्राहीहरुको दोस्रो किस्ता भुक्तानी गर्ने। |
| २ | शिक्षा | शिक्षक नियुक्ति सम्वन्धमा | शिक्षा विकास तथा समन्वय ईकाई गोरखाको च. नं. ७४१, मिती २०८१/ १२/ ०८ गतेको पदस्थापना सम्बन्धी पत्रानुसार यस सिरानचोक गाउँपालिकामा पदस्थापन भएका प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षकहरुलाई शिक्षा समितीको सिफारिस बमोजिमका विद्यालयहरुमा पदस्थापना अनुमोदन गर्ने। |
| ३ | पूर्वाधार/ योजना | योजना कार्यान्वयन सम्वन्धमा | उपभोक्ता समिती मार्फत कार्यान्वयन हुने गरि योजना सम्झौता सम्पन्न भईसकेका योजनाहरुको निर्माण कार्य द्रुत गतिमा सम्पन्न गर्न लगाई यथाशीघ्र भुक्तानीका लागि पेश गर्न लगाउने।<br>सम्झौता हुन बाँकी र रोकिएका योजनाका सम्वन्धमा १ हप्ता भित्रै सम्झौता गरि काम अगाडी बढाउने। |
| ४ | विविध | अवकाश प्रोत्साहन सम्मान सम्वन्धमा। | वडा नं ३ हर्मीमा कार्यालय सहयोगीको रुपमा २०५२ साल देखी अनवरत कामकाज गर्दै हाल अवकाश हुनु भएका वडा नं ३ निवासी श्री राम नाथ पराजुली लाई वहाँको दीर्घ सेवाको उच्च मूल्याङ्कन र कदर गर्दै अवकाश प्रोत्साहन र सम्मान स्वरुप रु. १,००,००० (अक्षरुपी एक लाख मात्र<br>) प्रदान गर्ने। |
| ५ | विविध | वृद्धिमुखी उद्यमशीलता कार्यक्रम सम्वन्धमा | वृद्धिमुखी उद्यमशीलता परियोजना कार्यक्रम कार्यान्वयन सन्दर्भमा सम्झौता बमोजिम प्रथम किस्ता रु. (अक्षेरुपी रुपैया ५ लाख मात्र) पेश्की स्वरुप दायित्व संस्थालाई निकासा गर्ने। |

मकर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका

| | | | |
|---|---|---|---|
| ६ | कर्मचारी प्रशासन | नियुक्ती अनुमोदन सम्बन्धमा | १. मुख्यमन्त्री कार्यालयको बढुवा समितीको निर्णय अनुसार सातौं तहमा बढुवा सिफारिस भई आउनुभएका श्री नवराज अधिकारी लाई कार्यालयबाट गरिएको नियुक्ती अनुमोदन गर्ने।<br>२. प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश पोखराको मिती २०८१/ १२/ ०७ को पत्र बमोजिम यस गाउँपालिकामा ईन्जिनियर सातौं पदमा सिफारिस हुनुभएका श्री राकेश मिश्रको नियुक्ति अनुमोदन गर्ने। |
| ७ | कृषि | कार्यक्रम सञ्चालन सम्बन्धमा। | सिरानचोक गाउँपालिका कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०८१ अनुरुप कृषि तथा पशु वस्तु ढुवानी र वजारीकरण र सिरानचोक रैथाने स्टोर (कोसेली घर) सञ्चालनका लागि प्रस्ताव आह्वान गरि कार्यक्रम अगाडी बढाउने। |
| ८ | पशु विकास | पशु वीमा कार्यक्रम सम्बन्धमा। | पशु वीमा कार्यक्रम सञ्चालन सम्बन्धमा पशुपंक्षी वीमा प्रिमियममा संघीय सरकारले दिने ८० प्रतिशत अनुदानले मात्र कृषकहरु अभिप्रेरित नभएको अवस्थामा कृषकहरुले बुझाउनुपर्ने २० प्रतिशत प्रिमियमको ५० प्रतिशत रकम पालिकाले अनुदान दिने तरिकाले कार्यक्रम अगाडी बढाउने। |
| ९ | विविध | सूचना तथा सञ्चार शुल्क सम्बन्धमा। | संलग्न सूची बमोजिम पेश भएका सञ्चार संस्थाहरुलाई सूचना प्रकाशन बापतको रकम भुक्तानी दिने। |
| १० | कर्मचारीहरुको तहवृद्धि सम्बन्धमा।<br>मिती २०८१ पुस ११ गतेको स्तरवृद्धिको सूचना बमोजिम निवेदन पेश गरेका मध्ये रित पुगेका निम्नलिखित कर्मचारीहरुको देहायबमोजिम तहवृद्धि गर्ने। | | |

| नाम | साविकको तह | स्तरवृद्धि हुने तह | स्तरवृद्धि लागू हुने मिती |
|---|---|---|---|
| मुना वयलकोटी | अनमी पाचौं | अनमी छैठौं | २०८१/१०/०१ |
| सानुमाया श्रेष्ठ | अनमी चौथो | अनमी पाचौं | २०८१/१०/ ०१ |
| कौशल्या कुमाल | अहेव चौथो | अहेव पाचौं | २०८१/१०/०१ |

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

CamScanner

| | | | |
|---|---|---|---|
| ११ | विविध | राजपत्र प्रकाशन सम्बन्धमा | राजपत्रमा प्रकाशन गर्नुपर्ने हालसम्म प्रकाशन हुन छुटेका नियुक्ती लगायतका अन्य विषयहरु राजपत्रमा प्रकाशन गर्ने। |
| १२ | विविध | आर्थिक सहायता | मगर समुदायको मागी पर्व उपभोक्ता समितीको मिती २०८०/ १०/ ०६ को आर्थिक सहयोग उपलब्ध गराउने पत्रका सम्बन्धमा माघी पर्व कार्यक्रमका लागि उक्त संस्कृति प्रवर्धन शिर्षकबाट रु. ५०,००० (अक्षरुपी रुपैयाँ पचार हजार) उपलब्ध गराउने। |
| १३ | विविध | शोध सहायता आर्थिक सहायता | सिरानचोक गाउँपालिका वडा नं ५ निवासी आशिका पोखरेलको मिती २०८२/ ०२/ २५ गतेको अनुदान सहयोग पाउँ भन्ने पत्रका सम्वन्धमा थेसिस वर्क प्राप्त भएपश्चात रु. २५,००० (अक्षरुपी पच्चीस हजार रुपैंया सहायता उपलब्ध गराउने। |
| १४ | विविध | नेपाल रेडक्रस सोसाईटीसँगको साझेदारी | सिरानचोक गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नेपाल रेडक्रस गोरखा शाखा अनुदान सम्बन्धमा नेपाल रेडक्रस सोसाईटी गोरखा जिल्ला शाखाको मिती २०८१/ ११/ ०३ को विनियोजित रकम उपलब्ध गराउने पत्र प्राप्त भएकोमा पत्रमा माग भएबमोजिम नै खर्च हुने गरी रु १ लाख अनुदान उपलब्ध गराउने। |

ठाकुर प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत